# कोशी प्रदेश विषयगत समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८२

<u>प्रस्तावनाः</u> प्रदेश सरकारको सम्बन्धित विषयको कार्यक्षेत्र रहेको मन्त्रालय तथा प्रदेश भित्रका स्थानीय तहको विषय क्षेत्रगत नीति, योजना वा आयोजना तर्जुमा तथा कार्यान्वयन र विकास निर्माणमा समन्वय र अन्तरसम्बन्ध कायम गर्न, प्रदेश समन्वय परिषद्को काममा प्रभावकारिता ल्याउन र सहयोग गर्न प्रदेश विषयगत समितिको गठन तथा सञ्चालन सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय र अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २५ को उपदफा (२) बमोजिम कोशी प्रदेश समन्वय परिषद्ले देहायको कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "कोशी प्रदेश विषयगत समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि मिति २०८२ साल फागुन १ गते देखि लागू हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "प्रदेश" भन्नाले कोशी प्रदेश सम्झनु पर्छ।

(ख) "प्रदेश सरकार" भन्नाले कोशी प्रदेश सरकार सम्झनु पर्छ।

(ग) "विषयगत समिति" भन्नाले दफा ३ बमोजिम गठन हुने प्रदेश विषयगत समिति सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारका मन्त्रालय सम्झनु पर्छ।

(ङ) "सङ्घ वा महासङ्घ" भन्नाले स्थानीय तहको सङ्घ वा महासङ्घका रुपमा क्रियाशील जिल्ला समन्वय समिति महासङ्घ, नगरपालिका सङ्घ र गाउँपालिका राष्ट्रिय महासङ्घ सम्झनु पर्छ।

(च) "स्थानीय तह" भन्नाले कोशी प्रदेश भित्रका गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिकालाई सम्झनु पर्छ।

## परिच्छेद-२
## <u>प्रदेश विषयगत समितिको गठन तथा काम, कर्तव्य र अधिकार</u>

३. <u>प्रदेश विषयगत समितिः</u> (१) प्रदेश तथा स्थानीय तहबीचको समन्वय र साझेदारीलाई प्रभावकारी बनाउन प्रदेश समन्वय परिषद् अन्तर्गत प्रदेश मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित देहाय बमोजिमका मन्त्रालयगत प्रदेश विषयगत समिति गठन हुनेछः-

(क) प्रदेश सरकारका विषयगत मन्त्रालयका मन्त्री - संयोजक

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश सरकार विराटनगर, नेपाल

मुख्यमन्त्री

(ख) प्रदेश भित्रका जिल्ला समन्वय समितिका प्रमुख वा उपप्रमुखमध्ये सम्बन्धित विषयगत समितिका संयोजकको सिफारिसमा मुख्यमन्त्रीले तोकेको कम्तिमा एक जना महिला सहित दुई जना - सदस्य

(ग) प्रदेश भित्रका नगरपालिकाका प्रमुख वा उपप्रमुखमध्येबाट सम्बन्धित विषयगत समितिका संयोजकको सिफारिसमा मुख्यमन्त्रीले तोकेको कम्तिमा एक जना महिला सहित तीन जना - सदस्य

(घ) प्रदेश भित्रका गाउँपालिकाका अध्यक्ष वा उपाध्यक्षमध्येबाट सम्बन्धित विषयगत समितिका संयोजकको सिफारिसमा मुख्यमन्त्रीले तोकेको कम्तिमा दुई जना महिला सहित चार जना - सदस्य

(ङ) जिल्ला समन्वय समिति महासङ्घ, नेपाल नगरपालिका सङ्घ र गाउँपालिका राष्ट्रिय महासङ्घका कोशी प्रदेशका अध्यक्ष वा निजले तोकेको प्रतिनिधि एक/एक गरी तीन जना - सदस्य

(च) प्रदेश सरकारको सम्बन्धित विषयको कार्यक्षेत्र रहेको मन्त्रालयको प्रदेश सचिव - सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ख), (ग) र (घ) बमोजिम सदस्य सिफारिस गर्दा प्रदेश भित्रको भौगोलिक क्षेत्र, राजनीतिक आवद्धता र स्थानीय तहको वर्गीकरण समेतका आधारमा समावेशी हुने गरी तथा एक स्थानीय तहबाट एकभन्दा बढी विषयगत समितिमा प्रतिनिधित्व नहुने गरी गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको विषयगत समितिको सचिवालय सम्बन्धित मन्त्रालयमा हुनेछ र त्यस्तो सचिवालयको निमित्त आवश्यक पर्ने जनशक्ति तथा बजेटको व्यवस्था सोही मन्त्रालयले गर्नु पर्नेछ।

४. <u>विषयगत समितिको काम, कर्तव्य र अधिकारः</u> विषयगत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश र स्थानीय तहको साझा अधिकार क्षेत्रको विषयमा क्षेत्रगत योजना, नीति तथा कानुनको तर्जुमा गर्दा समन्वय कायम गर्न आवश्यकता अनुसार सूचना आदान प्रदान, छलफल तथा परामर्श गर्ने,

कोशी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय विराटनगर, नेपाल

मुख्यमन्त्री

(ख) प्रदेश र स्थानीय तहका क्षेत्रगत योजना, नीति, आयोजना तथा कार्यक्रम तर्जुमामा सामञ्जस्यता कायम गर्न र कार्यान्वयनमा प्रभावकारिता ल्याउन आवश्यक समन्वय गर्ने,

(ग) आफ्नो मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित र प्रदेशको एकल वा साझा अधिकार अन्तर्गत पर्ने विषयमा लागत, दिगोपना, सेवा प्रवाहको प्रभावकारिताका दृष्टिले स्थानीय तहबाट कार्यान्वयन गर्न उपयुक्त हुने र दोहोरो नपर्ने आयोजना तथा कार्यक्रमको पहिचान गर्ने,

(घ) आफ्नो मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित स्थानीय तहको एकल वा साझा अधिकारमा रहेको र दुई वा दुईभन्दा बढी स्थानीय तहले कानुन बनाई संयुक्त रुपमा कार्यान्वयन गर्न वा सञ्चालन गर्न सक्ने सम्भावित पूर्वाधार वा परियोजना पहिचान गरी संयुक्त रुपमा कार्यान्वयन वा सञ्चालन गर्ने कार्यका लागि स्थानीय तहबीच आवश्यक समन्वय गर्ने,

(ङ) आफ्नो मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित नेपालको संविधान वा अन्य प्रचलित कानूनले प्रदेश कानून बमोजिम हुने भनी तोकेका विषयको पहिचान गर्ने वा विद्यमान त्यस्ता कानूनमा कुनै संशोधन वा परिमार्जन गर्नु पर्ने भए सोको अध्ययन विश्लेषण गरी प्रदेश समन्वय परिषद्मा सुझाव पेस गर्ने,

(च) आफ्नो मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा प्रदेश र स्थानीय तहका नीति, कानून, योजना तथा कार्यक्रमको समीक्षा तथा अध्ययन विश्लेषण गरी सामञ्जस्यता कायम गर्न प्रदेश समन्वय परिषद्मा सिफारिस गर्ने,

(छ) आफ्नो मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित विषयगत नीति, कानून, योजना तथा कार्यक्रम कार्यान्वयन र विकास निर्माणको क्रममा देखा परेका जटिलता समाधान गर्न समन्वय गर्ने,

(ज) प्रदेश र स्थानीय तहबाट हुने विषय क्षेत्रगत सेवा प्रवाहमा सामञ्जस्यता कायम गर्ने र अनुदान वा सुविधा वितरणमा दोहोरोपना हुन नदिन आवश्यक समन्वय गर्ने,

(झ) आफ्नो मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित आयोजना तथा कार्यक्रम कार्यान्वयनका लागि प्रदेश सरकारले स्थानीय तहमा उपलब्ध गराएको सशर्त, समपुरक वा विशेष अनुदान उपयोगको समीक्षा गर्ने,

(ञ) प्रदेश र स्थानीय तहबीच बाँडफाँट हुने राजस्व तथा दोहोरो अधिकार क्षेत्रमा परेका राजस्व स्रोतबाट प्राप्त भएको रकम एक आपसमा नियमित रुपमा हस्तान्तरणका लागि आवश्यक समन्वय गर्ने,

कोशी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
विराटनगर, नेपाल

मुख्यमन्त्री

(ट) प्रदेश र स्थानीय तहबाट हाँसिल भएका विषयक्षेत्रगत उपलब्धिको वार्षिक समीक्षा गर्ने,

(ठ) कुनै विषय प्रदेश समन्वय परिषद्मा छलफल हुन आवश्यक देखिएमा त्यस्तो विषय प्रदेश समन्वय परिषद्को सचिवालयमा पठाउने,

(ड) प्रदेश समन्वय परिषद्का निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने, गराउने।

५. <u>सचिवालयको काम, कर्तव्य र अधिकारः</u> (१) विषयगत समितिको सचिवालयले समितिले सम्पादन गर्ने सबै कार्य सम्पादनमा समितिलाई सहयोग गर्नु पर्नेछ।

(२) यस कार्यविधिमा अन्यत्र लेखिएकोमा बाहेक विषयगत समितिको सचिवालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विषयगत समितिको बैठकको व्यवस्थापन गर्ने,

(ख) विषयगत समितिका निर्णय कार्यान्वयनका लागि सम्बन्धित निकायमा पत्राचार गर्ने,

(ग) निर्णयको कार्यान्वयनको प्रगति विवरण सङ्कलन तथा अभिलेखीकरण गर्ने,

(घ) आवश्यकता अनुसार समीक्षा बैठक आयोजना गर्ने,

(ङ) विषयगत समितिको वार्षिक प्रतिवेदन तयार गर्ने,

(च) आवश्यकता अनुसार छलफल र अन्तरक्रियाको आयोजना गर्ने,

(छ) संयोजक र विषयगत समितिले समय समयमा तोकि दिएका अन्य कामहरु गर्ने।

## परिच्छेद-३

## <u>विषयगत समितिको बैठक</u>

६. <u>विषयगत समितिको बैठकः</u> (१) विषयगत समितिको बैठक प्रत्येक वर्ष सामान्यतया कार्तिक महिना र वैशाख महिनामा बस्ने गरी संयोजकको आदेशमा सदस्य सचिवले बोलाउनेछ।

तर विषयगत समितिसँग सम्बन्धित कुनै विषयमा छलफल गर्न आवश्यक देखिएमा संयोजकको आदेशमा जुनसुकै बखत बैठक बस्न सक्नेछ।

(२) विषयगत समितिको बैठकको मिति, समय, स्थान तथा छलफलको कार्यसूची समितिको संयोजकले तोके बमोजिम हुनेछ र समितिको सचिवले त्यसको जानकारी समितिको बैठक बस्नु भन्दा कम्तीमा सात दिन अगावै सबै सदस्य लाई उपलब्ध गराउनु पर्नेछ।

(३) विषयगत समितिले आवश्यकता अनुसार विषयसँग सम्बन्धित निकायको पदाधिकारी, स्थानीय तहको पदाधिकारी, विषयविज्ञ तथा सरोकारवाला निकायको प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) संयोजक सहित कम्तिमा पचास प्रतिशत सदस्य उपस्थित भएमा विषयगत समितिको बैठकको गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

कोशी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय विराटनगर, नेपाल

७. **सदस्यको उपस्थिति र आसन ग्रहण:** (१) बैठकमा उपस्थित सदस्यले संयोजकले तोकेको स्थानमा आसन ग्रहण गरी प्रदेश विषयगत समितिको बैठक पुस्तिकामा दस्तखत गरी उपस्थिति जनाउनु पर्नेछ।

(२) अपाङ्गता भएका सदस्यको हकमा संयोजकले निश्चित स्थान तोकी निजको साथमा एक जना सहयोगी समेतलाई बस्ने अनुमति दिन सक्नेछ।

(३) विषयगत समितिका पदाधिकारी बाहेक अन्य आमन्त्रित सदस्यलाई संयोजकले निर्धारित स्थानमा बस्ने अनुमति दिनेछ।

८. **बैठकको प्रारम्भ, सञ्चालन र स्थगन:** (१) गणपुरक सङ्ख्याका लागि आवश्यक सदस्यको उपस्थिति र आसन ग्रहण पछि संयोजकले बैठकको प्रारम्भ गर्नेछ।

(२) छलफलका लागि निर्धारित कार्यसूचीको आधारमा बैठक सञ्चालन गर्ने कार्य संयोजकको अनुमतिमा सचिवले गर्नेछ।

(३) बैठकमा छलफलका लागि निर्धारित कार्यसूची उपरको छलफल सकिएपछि बैठकको समाप्ती गर्ने वा छलफलका लागि समय अभाव भई वा अन्य कुनै कारणले बैठकको स्थगन गर्नु परेमा सोको आदेश संयोजकले दिनेछ।

९. **छलफलको कार्यसूची निर्धारण:** (१) विषयगत समितिको बैठकमा छलफल हुने कार्यसूची निर्धारण संयोजकको परामर्शमा सदस्य सचिवले गर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यसूची निर्धारण गर्नुअघि सचिवालयले सम्बन्धित मन्त्रालय अन्तर्गतका निकाय वा सङ्घ वा महासङ्घका प्रदेश समन्वय इकाइलाई छलफलमा राख्नु पर्ने विषय बारे कम्तीमा सात दिनको समय दिइ अनुसूची-१ बमोजिमको ढाँचामा सुझाव माग गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सुझाव माग भई आएमा मन्त्रालय अन्तर्गतका निकायले आवश्यकता अनुरुप सरोकारवालासँग र सङ्घ वा महासङ्घले आ-आफ्नो सम्बन्धित पदाधिकारी वा स्थानीय तहसँग समन्वय गरी बैठकमा छलफलका लागि राख्नु पर्ने विषय बारे समयमै सचिवालयमा जानकारी गराउनु पर्नेछ।

(४) यस दफा बमोजिम बैठकको कार्यसूची निर्धारण गर्दा अघिल्लो बैठकले गरेका निर्णयहरुको संक्षिप्त व्यहोरा र ती निर्णयहरुको कार्यान्वयन अवस्था बारेको प्रस्तुती र छलफललाई पहिलो कार्यसूचीको रुपमा समावेश गर्नु पर्नेछ।

(५) कुनै सदस्यले बैठकमा पेस गरिएको कार्यसूची बाहेक अन्य विषयवस्तुमा छलफल गर्न चाहेमा संयोजकको अनुमतिमा बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै लिखित रुपमा सदस्य सचिवलाई प्रस्ताव उपलब्ध गराउनु पर्नेछ।

१०. **प्रस्तावको प्राथमिकताक्रम तथा छलफल प्रक्रिया:** (१) संयोजकले विषयको प्राथमिकताको आधारमा प्रस्तावको प्राथमिकताक्रम निर्धारण गर्नु पर्नेछ।

कोशी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय विराटनगर, नेपाल

मुख्यमन्त्री

(२) उपदफा (१) बमोजिम प्रस्तावको प्राथमिकताक्रमको आधारमा संयोजकले प्रस्ताव पेस गर्ने अनुमति दिनेछ।

(३) उपदफा (२) बमोजिम पेस भएको प्रस्ताव उपर संयोजकले सदस्यहरुलाई आफ्नो धारणा राख्ने अनुमति प्रदान गर्नेछ।

(४) प्रस्ताव उपर सदस्यहरुले धारणा प्रस्तुत गरी सकेपछि संयोजकले आफ्नो धारणा सहित बैठकबाट निर्णय हुनु पर्ने व्यहोरा प्रस्तुत गर्नेछ।

(५) उपदफा (४)बमोजिम बैठकको प्रस्तावित निर्णयको व्यहोरा प्रस्तुत भएपछि त्यसमा कुनै परिमार्जन गर्नु पर्ने भएमा सदस्यले सुझाव राख्न सक्नेछन्।

(६)बैठकको अन्तिम निर्णय संयोजकले सुनाउनेछ र त्यसरी भएको निर्णयलाई अनुसूची-२ बमोजिमको ढाँचामा तयार गर्ने र संयोजक तथा सदस्य सचिवले संयुक्त रुपमा प्रमाणित गरी सदस्य सचिवले सुरक्षितसाथ राख्नु पर्नेछ।

(७) विषयगत समितिको बैठक तथा निर्णय सम्बन्धी अन्य कार्यविधि सो समितिले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-४

## बैठकको निर्णय कार्यान्वयन सम्बन्धी व्यवस्था

११. निर्णयको जानकारी दिने: विषयगत समितिले गरेका निर्णयको लिखित जानकारी सचिवालयले बैठक सम्पन्न भएको मितिले सात दिनभित्र मन्त्रालय अन्तर्गतका निकाय, सङ्घ वा महासङ्घ, सबै स्थानीय तह र अन्य सरोकारवालालाई उपलब्ध गराउनु पर्नेछ।

१२. बैठकको निर्णय कार्यान्वयन गर्नु पर्ने: (१) यस कार्यविधि बमोजिम विषयगत समितिले गरेको निर्णय सम्बन्धित पक्षले कार्यान्वयन गर्नु वा गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निर्णय कार्यान्वयन गर्ने प्रयोजनको लागि कुनै जनशक्ति वा साधन स्रोतको आवश्यकता पर्ने रहेछ भने सोको व्यवस्थापन गर्ने जिम्मेवारी समेत सम्बन्धित पक्षकै हुनेछ।

(३) विषयगत समितिको निर्णय कार्यान्वयनका लागि सम्बन्धित निकायले निर्णय कार्यान्वयन गर्ने जिम्मेवारी, समय सीमा र अनुगमन व्यवस्था सहित अनुसूची-३ बमोजिमको ढाँचामा कार्यान्वयन कार्ययोजना बनाई लागू गर्न सक्नेछ।

१३. निर्णय कार्यान्वयनमा सहयोग: (१) विषयगत समितिको निर्णय कार्यान्वयनका लागि प्रदेश वा स्थानीय तह र मातहत निकायका अतिरिक्त अन्य कुनै सरकारी तथा गैर सरकारी निकाय वा निजी क्षेत्रको सहयोग आवश्यक पर्ने भएमा समितिले सम्बन्धित निकायलाई सहयोगको निमित्त लेखी पठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सहयोगको लागि लेखी आएकोमा सम्बन्धित निकायले त्यस्तो निर्णय कार्यान्वयनका लागि आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ।



कोशी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

मुख्यमन्त्री

१४. <u>जिल्ला समन्वय समितिको सहयोग लिन सकिने:</u> (१) विषयगत समितिको कुनै निर्णय कार्यान्वयनको सन्दर्भमा दुई वा सोभन्दा बढी स्थानीय तहबीच समन्वय गर्नु पर्ने अवस्थामा त्यस्तो समन्वय वा सहजीकरणका लागि विषयगत समितिले सम्बन्धित जिल्ला समन्वय समितिको सहयोग लिन सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि विषयगत समितिले समन्वय गर्नु पर्ने विषयको विवरण सम्बन्धित जिल्ला समन्वय समितिलाई पठाई सो सम्बन्धमा सहजीकरण गरी प्रतिवेदन पेस गर्न लेखी पठाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम लेखी आएमा सम्बन्धित जिल्ला समन्वय समितिले आवश्यक कार्य सम्पादन गरी सोको प्रतिवेदन विषयगत समिति समक्ष पेस गर्नु पर्नेछ।

१५. <u>प्रगति समीक्षा गर्ने:</u> (१) विषयगत समितिले आफ्नो विषय क्षेत्रसँग सम्बन्धित विषयमा हाँसिल भएको उपलब्धिको आवधिक रुपमा प्रगति विवरण लिने, प्रगति समीक्षा गर्ने र अध्यावधिक तथ्याङ्क राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने प्रगति समीक्षामा प्रदेश सरकारबाट सम्बन्धित विषय क्षेत्रमा आयोजना वा कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहलाई उपलब्ध गराएको अनुदान रकमबाट र अन्य स्रोत समेतबाट स्थानीय तहले हाँसिल गरेको उपलब्धि सम्बन्धी वार्षिक प्रगति प्रतिवेदन उपर समेत छलफल गर्ने व्यवस्था मिलाउन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम गरिने प्रगति समीक्षामा आफ्नो विषय क्षेत्रसँग सम्बन्धित प्रदेश र स्थानीय तहका नीति, कानुन र योजना तथा कार्यक्रमको कार्यान्वयन अवस्था, विकास निर्माणको क्रममा देखा परेका जटिलता, प्रदेश र स्थानीय तहबीच बाँडफाँट हुने एवं एक आपसमा हस्तान्तरण हुनु पर्ने राजस्वको अवस्था, प्रदेश तथा स्थानीय तहबाट हुने विषय क्षेत्रगत सेवा प्रवाहमा सामञ्जस्यता लगायतका विषय पनि समावेश गर्न सकिनेछ।

(४) यस दफा बमोजिम गरिने समीक्षा र छलफलको आधारमा विषयगत समितिले आफ्नो विषय क्षेत्रको समष्टिगत प्रादेशिक अवस्था सम्बन्धी तथ्याङ्क अध्यावधिक गरी राख्न सक्नेछ।

१६. <u>प्रतिवेदन पेस गर्ने:</u> विषयगत समितिले यस कार्यविधि बमोजिम आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन अनुसूची-४ बमोजिमको ढाँचामा तयार गरी प्रत्येक वर्षको असोज मसान्तभित्र प्रदेश समन्वय परिषद्को सचिवालयमा पठाउनु पर्नेछ।

## परिच्छेद-५
## <u>विविध</u>

१७. <u>स्थानीय तहबीचको सहकार्यका लागि समन्वय गर्न सक्ने:</u> (१) विषयगत समितिले आफ्नो विषय क्षेत्रसँग सम्बन्धित स्थानीय तहको एकल वा साझा अधिकारमा रहेको वा स्थानीय तहले संयुक्त रुपमा कार्यान्वयन वा सञ्चालन गर्न सक्ने पूर्वाधार, परियोजना, कार्यक्रम वा सेवा प्रवाहसँग



कोशी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
विराटनगर, नेपाल

सम्बन्धित विषयको पहिचान गरी कार्यान्वयन गर्न सम्बन्धित स्थानीय तहलाई प्रोत्साहन गर्न सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि विषयगत समितिले देहाय बमोजिमका कामहरु गर्न सक्नेछः-

(क) सम्बन्धित स्थानीय तह, अन्य सरकारी तथा गैर सरकारी निकाय र निजी क्षेत्र समेतको संलग्नतामा छलफल, गोष्ठी तथा अन्तरक्रिया गर्ने,

(ख) संयुक्त रुपमा कार्यान्वयन वा सञ्चालन गर्न सकिने विषय पहिचानका लागि अध्ययन अनुसन्धान गर्ने गराउने कार्यमा समन्वय र सहजीकरण गर्ने,

(ग) लागत र लाभको बाँडफाँट तथा सहकार्यको ढाँचा र स्वरुप निर्धारणमा स्थानीय तहबीच समन्वय र सहजीकरण गर्ने,

(घ) प्रदेश सरकारले उपलब्ध गराउने समपुरक अनुदानलाई स्थानीय तहबीच सहकार्य हुन सक्ने क्षेत्रमा परिचालन गर्न प्रोत्साहन गर्ने,

(ङ) अन्तर स्थानीय तहको सहकार्यमा सञ्चालन हुने आयोजनाको लागि आवश्यक जग्गा प्राप्ति, वन क्षेत्रको उपयोग, वातावरणीय अध्ययन लगायतका विषयमा सहजीकरण गर्ने,

(च) स्थानीय तहबीचको सहकार्य प्रवर्द्धनका लागि आवश्यक अन्य कार्यहरु गर्ने।

(३) विषगत समितिले आफ्नो क्षेत्रसँग सम्बन्धित विषयमा स्थानीय तहहरुबीच सहकार्यको लागि प्रोत्साहन गर्न त्यस्ता आयोजना वा कार्यक्रममा सहलगानीको सम्भावना समेत खोजी गरी प्रदेश समन्वय परिषद् समक्ष छलफलका लागि प्रस्ताव गर्न सक्नेछ।

(४) यस दफाको प्रयोजनको लागि विषगत समितिले सम्बन्धित जिल्ला समन्वय समितिको समेत सहयोग लिन सक्नेछ।

१८. <u>विवाद नआउने गरी कार्य सम्पादन गर्नु पर्नेः</u> विषयगत समितिको निर्णय कार्यान्वयन गर्ने सन्दर्भमा मन्त्रालय वा स्थानीय तहले एक अर्काको अधिकार क्षेत्रमा हस्तक्षेप नहुने र विवाद नआउने गरी कार्य सम्पादन गर्नु पर्नेछ।

कोशी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय विराटनगर, नेपाल

मुख्यमन्त्री

अनुसूची-१

(दफा ९ को उपदफा (२)सँग सम्बन्धित)

छलफलको कार्यसूची निर्धारणका लागि सुझाव माग गर्ने ढाँचा

१. छलफल गर्नु पर्ने विषयवस्तुः

२. समस्याको संक्षिप्त व्यहोराः

३. छलफल गर्नु पर्ने औचित्य वा आवश्यकताको पुष्टयाईः

४. विद्यमान कानुनी व्यवस्थाः

५. समाधानका सम्भावित विकल्पहरुः

६. प्रस्तावित निर्णयः

७. निर्णय कार्यान्वयनमा प्रस्तावक निकायको भूमिकाः

८. निर्णय कार्यान्वयनमा विषयगत समितिको भूमिकाः

९. अन्य सान्दर्भिक विषयः

मुख्यमन्त्री

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कोशी प्रदेश सरकार
विराटनगर, नेपाल

अनुसूची-२

(दफा १० को उपदफा (६) सँग सम्बन्धित)

बैठकको निर्णय सम्बन्धी ढाँचा

<table>
<tr><td>निर्णय सङ्ख्या</td><td colspan="4"></td></tr>
<tr><td>निर्णयको संक्षिप्त व्यहोरा</td><td colspan="4"></td></tr>
<tr><td rowspan="2">कार्यान्वयन व्यवस्था</td><td>जिम्मेवार निकाय/पदाधिकारी</td><td>समय सीमा</td><td colspan="2">आवश्यक पर्ने स्रोत</td></tr>
<tr><td></td><td></td><td colspan="2"></td></tr>
<tr><td rowspan="2">अनुगमन व्यवस्था</td><td>जिम्मेवार निकाय/पदाधिकारी</td><td>अनुगमन सूचक</td><td>उपलब्धि सूचक</td><td>समय सीमा</td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td rowspan="2">प्रतिवेदन व्यवस्था</td><td colspan="2">जिम्मेवार निकाय/पदाधिकारी</td><td colspan="2">अवधि तथा स्वरुप वा ढाँचा</td></tr>
<tr><td colspan="2"></td><td colspan="2"></td></tr>
</table>

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कोशी प्रदेश सरकार
विराटनगर, नेपाल

मुख्यमन्त्री

अनुसूची-३

(दफा १२ को उपदफा (३)सँग सम्बन्धित)

निर्णय कार्यान्वयन कार्ययोजना

| क्र सं | निर्णय कार्यान्वयनसँग सम्बन्धित क्रियाकलापहरु | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | समय सीमा | अनुगमन/सुपरीवेक्षण गर्ने निकाय | नतिजा सूचक | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

तयार गर्नेः

स्वीकृत गर्नेः

कोशी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय विराटनगर, नेपाल

मुख्यमन्त्री

अनुसूची-४

(दफा १६ सँग सम्बन्धित)

प्रदेश विषयगत समितिको वार्षिक प्रगति प्रतिवेदनको ढाँचा

१. विषयगत समितिको नामः

२. बैठक सम्बन्धी विवरणः

| बैठक सङ्ख्या | बैठक मिति | उपस्थिति सङ्ख्या | बैठकका निर्णयहरु | निर्णय कार्यान्वयनको अवस्था | कार्यान्वयन हुन नसकेको भए सोको कारण |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

३. समन्वय र अन्तरसम्बन्धमा हालसम्म हासिल भएका प्रमुख उपलब्धिहरुः

४. प्रमुख समस्या र चुनौतीहरुः

५. प्रदेश समन्वय परिषद्मा पेस गर्नुपर्ने विषयहरुः

६. आगामी कार्यदिशा/प्रतिवद्धताः

७. अन्य विषयः

तयार गर्नेः

प्रमाणित गर्ने

मुख्यमन्त्री

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश सरकार विराटनगर, नेपाल